मेलुङ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

बैठक सङ्ख्या : ५८

आज मिति २०८२/०५/०१ गते आईतबारका दिन मेलुङ गाउँपालिकाका अध्यक्ष श्री हिरा कुमार तामाङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी निम्न प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा कुमार तामाङ | अध्यक्ष | | |
| २ | श्री गायत्री आचार्य | उपाध्यक्ष | | |
| ३ | श्री ईश्वर कोईराला | सदस्य | | |
| ४ | श्री रामकृष्ण भण्डारी | सदस्य | | |
| ५ | श्री वसन्त लामा | सदस्य | | |
| ६ | श्री सोम बहादुर बम्जन लामा | सदस्य | | |
| ७ | श्री ललित बहादुर थापा मगर | सदस्य | | |
| ८ | श्री कुसुम लामा | सदस्य | | |
| ९ | श्री नवराज खड्का | सदस्य | | |
| १० | श्री शान्ता दहाल कार्की | सदस्य | | |
| ११ | श्री राममाया लामा | सदस्य | | |
| १२ | श्री बिमला नेपाली | सदस्य | | |
| १३ | श्री बिन्दा पाण्डे | सदस्य | | |
| १४ | श्री यादव घतानी | सदस्य | | |
| १५ | श्री मल्लिका दर्नाल | सदस्य | | |
| १६ | श्री सन्जय शिवाकोटी | सचिव | | |

आमन्त्रित :

१ श्री रामेश्वर अधिकारी, का.बा. वडा अध्यक्ष, वडा नं.४
२ श्री रामबाजी [illegible]
३ श्री

हिरा कुमार तामाङ
अध्यक्ष

बैठकका प्रस्तावहरु :

(१) प्रदेश लोक सेवा आयोगको विज्ञापन नं. ६३/०८१-८२ बाट शिक्षा सेवा, शिक्षा प्रशासन समूह, सातौं तह शिक्षा अधिकृत सातौं पदमा यस गाउँपालिकामा सिफारिस श्री कमल श्रेष्ठको नियुक्ति सम्बन्धमा।

(२) मेलुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम, २०८२ (कक्षा १-८) सम्बन्धमा छलफल।

(३) कृषि तथा पशुपन्छी विकास रणनीति, २०८२ सम्बन्धमा छलफल।

(४) मेलुङ गाउँपालिकाको गाउँ शिक्षा योजना, २०८२ सम्बन्धमा छलफल।

(५) अघिल्लो आ.व. को बार्षिक समीक्षा सम्बन्धमा।

(६) विविध।

निर्णयहरु :

१ प्रस्ताव नं. १ सम्बन्धमा छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय हेटौंडाको विज्ञापन नं. ६३/०८१-८२ (आ.ज.) स्थानीय सेवा तर्फ सातौं तह (प्राविधिक), शिक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृत सातौं पदमा प्रदेश लोक सेवा आयोग बागमती प्रदेशको प.सं. *सिफारिस २०८२/८३, च.नं. ३२, मिति २०८२/०४/२९* को पत्रानुसार स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह, शिक्षा अधिकृत वा सो सरह/सातौं तहमा सिफारिस हुनुभएका श्री कमल श्रेष्ठलाई स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १७ (१) को प्रयोजनका लागि मिति २०८२/०५/०१ देखि लागु हुने गरी नियुक्त गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पदस्थापन गर्ने।

२ प्रस्ताव नं. २ सम्बन्धमा छलफल गर्दा मेलुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम, २०८२ (कक्षा १-८) स्वीकृत गर्ने। साथै साविकमा लागु भएको कक्षा १-५ को स्थानीय पाठ्यक्रम खारेज गर्ने।

३ प्रस्ताव नं. ३ सम्बन्धमा छलफल गर्दा कृषि तथा पशुपन्छी विकास रणनीति, २०८२ स्वीकृत गर्ने।

४ प्रस्ताव नं. ४ सम्बन्धमा छलफल गर्दा मेलुङ गाउँपालिकाको गाउँ शिक्षा योजना, २०८२ सम्बन्धमा छलफल गरी आगामी गाउँ कार्यपालिका बैठकमा पेस गर्ने।

५ प्रस्ताव नं. ५ सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को बार्षिक समीक्षा मिति २०८२/०५/०६ गते गते मेलुङ गाउँ सभाको हलमा सञ्चालन गर्ने।

६ प्रस्तान नं. ५ विविध सम्बन्धमा छलफल गर्दा नयाँपुल-पवटी-डाँडाखर्क सडक (नयाँपुल-पवटि) खण्डको नयाँपुल क्षेत्रमा सडकको क्षेत्राधिकार भित्र रहेका घरटहराहरु हटाउन जिल्ला प्रशासन कार्यालय, चरिकोटमा अनुरोध गर्ने साथै भीमेश्वर नगरपालिका, शैलुङ गाउँपालिका तथा जिल्ला वन कार्यालयमा समेत जानकारी गराउने।

हिरा कुमार तामाङ
अध्यक्ष